स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



आगामी असार ७ गतेदेखि रिलिज हुने फिल्म 'दान्भी'को ट्रेलर सार्वजनिक गरिएको छ । बिहीबार एक कार्यक्रमबिच सार्वजनिक ट्रेलरमा अभिनेत्री पूजा शर्माको दमदार एक्सनले स्थान पाएको छ । नवनायक कुन्साङ बोमजोमसँग पूजाको प्रेमलाई पनि ट्रेलरमा देख्न सकिन्छ । ट्रेलर हेर्दा कुन्साङ्को हत्यापछि उनको हत्याको बदला लिन पूजालाई एक्सन रूपमा प्रस्तुत गरिएको बुझ्न सकिन्छ । नवनायक कुन्साङले दर्शकले 'दान्भी'मा नयाँ एक्सन जनरा पाउने बताए ।

**आजको विचार...**



नेपालमा...
(दुई पेजमा)

शंकरप्रसाद रिजाल



चलचित्र "छक्कापञ्जा-५"को फर्स्टलुक पोस्टर सार्वजनिकसँगै छायांकन आरम्भ गरिएको छ । चलचित्रका निर्माता तथा कलाकार दीपकराज गिरी, निर्देशक दीपाश्री निरौलालगायतले सामाजिक सञ्जालमा पोस्टर सार्वजनिक गर्नुभएको हो । दीपाश्रीको निर्देशनमा निर्माण हुने यो चलचित्रको बिहीबारदेखि छायांकन आरम्भ गरिएको छ । चलचित्रको अभिनेत्रीमा वर्षा सिवाकोटी रहनुभएको छ । पोस्टरमा वर्षाको अलावा दीपकराज गिरी र केदार घिमिरे माग्ने बुढा फिचर्ड हुनुहुन्छ । चलचित्रले अर्थ-सामाजिक आयामलाई व्यंग्य गर्ने बताइन्छ ।

❒ वर्ष २९ ❒ अंक ३०३ ❒ २०८१ जेठ २० गते आइतबार 2 June 2024, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### डुङ्गा दुर्घटना हुँदा २० जनाको मृत्यु



(रासस/एएफपी)

**काबुल (अफगानिस्तान),** जेठ १९/अफगानिस्तानको पूर्वी नङ्गरहार प्रान्तमा शनिबार नदी पार गर्ने क्रममा डुङ्गा डुब्दा २० जनाको मृत्यु भएको प्रान्तीय अधिकारीले बताएका छन् । पूर्वीनङ्गरहारको मोमण्ड दारा जिल्लाको बसावुल क्षेत्रमा शनिबार बिहान सात बजे महिला तथा बालबालिका बोकेको डुङ्गा नदीमा डुबेको प्रान्तको सूचना विभागका प्रमुख कुराइसी बद्लुनले सामाजिक सञ्जाल एक्सको एक पोस्टमा सार्वजनिक गरेका छन् ।

अधिकारीका अनुसार दुर्घटना परेका पाँच जना बाँचेका छन् भने दुर्घटनाको कारणबारे अनुसन्धान भइरहेको छ । नङ्गरहार सूचना तथा संस्कृति विभागले मिडियालाई दिएको सन्देशमा अधिकारीले उक्त क्षेत्रमा मेडिकल टोली र एम्बुलेन्स पठाएको बताएका छन् ।

कम्तिमा पाँचवटा शव निकालिएको तथा अरूलाई खोज्ने प्रयास भइरहेको प्रान्तीय सरकारी अधिकारीले बताए । नजिकैको पुल नभएको कारण यस क्षेत्रका बासिन्दाले प्रायःखराब अवस्थामा डुङ्गा प्रयोग गरेर नियमितरूपमा नदी पार गर्ने गरेको स्थानीय मिडियाले जनाएको छ ।


## सडक स्थानीय सरकारको प्राथमिकता

# रैनादेवी छहराको विकासः गाउँ-गाउँमा सडक कालेपत्रे हुँदै

कृष्ण पोखरेल

**पाल्पा,** जेठ १९/जिल्लाको रैनादेवी छहरा गाउँपालिकाको सडक पहिलो प्राथमिकतामा परेको छ । 'आर्थिक, सामाजिक, पर्यटन र पूर्वाधारः समृद्ध रैनादेवी छहराको मूल आधार' भने नारालाई प्राथमिकतामा राखेर काम गर्दै आएको पालिकाले सबैभन्दा बढी सडक निर्माण र मर्मतलाई प्राथमिकतामा राखेको हो ।

स्थानीयको माग र उपभोक्ताको आवश्यकता आधारमा पालिकाले सडकलाई प्राथमिकतामा राखेको जनाएको छ । अहिले रैनादेवी छहराले विकासमा फड्को मार्दै छ । गाउँ-गाउँमा सडक सञ्जाल पुगेको छ भने शहर बजार तथा राजमार्ग क्षेत्रमा मात्र केन्द्रीत रहेको सडक कालेपत्रे गर्ने काम अहिले स्थानीय सरकार आएपछी गाउँ-गाउँमा हुन थालेको छ । यहाँका ग्रामिण क्षेत्रका सडकहरुमा अहिले धमाधम कालोपत्रे पिचको काम हुँदै छ । गाउँपालिकाले गौरवको आयोजनाको रुपमा छहरा, ध्वजा बान्ने-तानसिङ्गल-सातमुरे सडकको कालोपत्रेको काम गरिरहेको छ । गाउँपालिकाले बहुवर्षिय योजना अर्न्तगत चालु आर्थिक वर्ष २०८०/८१ को असार मसान्तसम्म छहरा वडा नं-४ को कार्यालयदेखि ध्वजाबान्ने सम्मको १ हजार ५ सय ६० मिटर सडक पिच (कालोपत्रे) सक्ने छ । पालिकाले अधिकाश वडाहरुलाई समेटेर सिमाना जोडिएका ३ जिल्ला जोड्ने सडक कालेपत्रे योजनालाई प्राथमिकतामा राखेर



गत बर्षदेखी कालोपत्रे काम शुरु गरेको हो । पालिकाले छहरा ध्वजा बान्ने-तानसिङ्गल-सातमुरे गुल्मी जोड्ने सडक, अमलावास, ध्वजा बान्ने, तालपोखरा हुँदै अर्घाखाँची जोड्ने सडक र सुन्दरढुङ्गा, जुठा बल्ढेङ्गढी, सत्यवती हुँदै रुपन्देही जोड्ने सडकमा पिच कालोपत्रेको काम गर्दै आएको पालिका अध्यक्ष रूक्मागत भट्टराईले बताए । गाउँ-गाउँमा जनता यात्रा गर्दा, सवारी साधन चलाउदा शहर बजारमा जस्तै सहज होस् भनेर नै पालिकाले गौरवका योजनाहरु नामाकरण गरेर काम शुरु गरेको अध्यक्ष भट्टराईले बताए । सडक पिच भएपछी वडा-वडाबाट जनताहरुले पालिकासम्म छिटो छरितो सहज रुपमा यात्रा गर्न पाउने उनले बताए । 'सबै पूर्वाधार निर्माण गर्न सडक अपरिहार्य संरचना भित्र पर्दो रहेछ', उनी भन्छन्, 'बस्तीसम्म सहज सबै पहुँच पुर्‍याउन पनि सडक आवश्यक छ ।' आफ्नो गाउँपालिकामा अत्यावश्यक सडकलाई स्थायी संरचनाका रुपमा विकास गर्दै लाने लक्ष्य अघि बढाइएको अध्यक्ष भट्टराईले बताए ।

पालिकाले कालोपत्रेका लागि चालु आर्थिक बर्ष २०८०/८१ को लागि कुल ४ करोड, २ लाख ७८ हजार ६ सय ६० रूपैयाँ बजेट विनियोजन गरेको थियो । जसमा ५० प्रतिशत संघीय समपुर बजेट र ५० प्रतिशत गाउँपालिकाको बजेटबाट कालोपत्रेको काम भईरहेको प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद तिमिल्सीनाले बताए । आगामी आर्थिक बर्षमा बाँकी काम ध्वजा बान्नेबाट तानसिङ्गल खण्ड हुने प्रमुख प्रशासकीय अधिकृत तिमिल्सीनाले बताए ।

गत बर्ष सुन्दरढुङ्गा, जुठा बल्ढेङ्गढी, सत्यवती हुँदै रुपन्देही जोड्ने सडकको नेपानेसम्मको ३ किलोमिटर क्षेत्रमा कालेपत्रे गरेको र हाल ३ हजार ३ सय मिटर क्षेत्रमा बाटो चौडाको काम भईरहेको इन्जिनियर किशोर खनालले बताए । बाटो चौडाको लागि १ करोड ६० लाख रुपैयाँमा ठेक्का सम्झौता भई काम भईरहेको उनले बताए । गौरवको योजना अर्न्तगत आगामी बर्षको पिचको लागि ध्वजा बान्ने पेलावास सडक खण्डको १ हजार २ सय मिटर क्षेत्रमा ग्रावेल गरिएको छ । निर्माण व्यवसायीले सडक ग्रावेलको लागि ५९ लाख ठेक्का सम्झौता गरेको थियो । रैनादेवी छहरा गाउँपालिकाले वडा नं.८ को मेहलछेडा ज्यामिरे क्षेत्रमा १ हजार ५ सय मिटर सडक ढलान गरेको छ । चालु आर्थिक बर्षमै तानसिङ्गल, सोमादी र सिद्धेश्वर सडक खण्डको स्तरन्नोतिको काम भईरहेको छ । आगामी बर्षको बजेटमा पनि पालिकाले पुर्वाधार क्षेत्रमा ठूला-ठूला योजनाहरुलाई प्राथमिकता दिने जनाएको छ ।

## चट्याङबाट बच्ने उपायः

- बिजुली चम्केको बेला सचेत र सतर्क रहौं,
- विद्युतीय तरङ्ग टिप्न सक्ने धातुजन्य र भिजेका वस्तुबाट टाढा बसौं,
- विद्युतीय उपकरण बन्द गरौं,
- घर तथा भवनमा अर्थिङ्गलगायतका सुरक्षात्मक उपाय अपनाऔं,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कौं,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बसौं,
- सकभर अग्लो स्थानमा नबसौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## प्रेसमाथिको आक्रमण नै लोकतन्त्रमाथिको प्रहार हो : लम्साल

**पाल्पा,** जेठ १९/नेपाल प्रेस युनियनका केन्द्रीय अध्यक्ष शिव लम्सालले प्रेसमाथिको आक्रमण नै लोकतन्त्रमाथिको प्रहार भएको बताएका छन् । शनिबार नेपाल प्रेस युनियन पाल्पा शाखाको साधारण सभा तथा वनभोज कार्यक्रमलाई रामपुरमा सम्बोधन गर्दै प्रमुख अतिथि समेत रहेका अध्यक्ष लम्सालले पछिल्लो समय सरकारबाटै प्रेसमाथि आक्रमण हुँदै गएकाले लोकतन्त्रमाथि नै प्रहार भएको बताएका हुन् । उनले प्रेसमाथिको आक्रमणले लोकतन्त्र नै खतरामा पर्दै गएको धारणा व्यक्त गरे । अध्यक्ष लम्सालले भने 'मुलुकमा लोकतन्त्र ल्याउन प्रेसको महत्वपूर्ण भूमिका रहेको छ तर त्यही प्रेसमाथि नै आक्रमण हुँदा लोकतन्त्र नै खतरामा परेको छ ।' सरकारकै कारण लोकतन्त्र धुजा धुजा





बन्दै गएको भन्दै उनले त्यसको संरक्षणका लागि प्रेस जगत एक हुनुपर्नेमा जोड दिए । अध्यक्ष लम्सालले पत्रकार महासंघको सदस्यता शुद्धिकरणमा समेत सत्ताको प्रभाव परेको बताए । उनले भने' महासंघको सदस्यता शुद्धिकरणमा सत्ताको प्रभावले आलटाल भएको छ । यो कुनै पनि हालतमा प्रेस युनियनलाई मान्य हुँदैन ।' फरक प्रसंगमा अध्यक्ष लम्सालले प्रेस युनियनले छिट्टै रामपुरमा पत्रकारिता तालिम सञ्चालन गर्ने बताए । उनले पत्रकारहरुको क्षमता अभिवृद्धिसँगै नयाँ पत्रकारहरु उत्पादनमा युनियनले विशेष ध्यान दिने उल्लेख गरे । विशिष्ट अतिथि युनियनका केन्द्रीय उपाध्यक्ष माधव अर्यालले पत्रकार महासंघको सदस्यता शुद्धिकरणका विषयमा युनियन गम्भीर रहेको बताए । उनले काम गर्ने कुनै पनि पत्रकारहरु सदस्यताबाट बञ्चित हुन नपर्ने भन्दै युनियनले सोही अनुसार केन्द्रमा छलफल र आफ्ना प्रयासहरु जारी राखेको उल्लेख गरे ।

रामपुर नगरपालिकाका नगर प्रमुख रमणबहादुर थापाले पत्रकारिताको मर्म अनुसार काम गर्न पत्रकारहरुलाई आग्रह गरे । उनले स्थानीय सरकारले थुप्रै राम्रो कामहरु गरेपनि पत्रकारहरुले त्यसको प्रचारप्रसार गर्न कन्जुस्याई गर्ने गरेको गुनासो गरे ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

सम्पादकीय

# राजनीतिक चरित्र देखाऊ

मुलुकको वर्तमान अवस्थाले गर्दा देश भित्र विभिन्न खालका समस्याहरु देखा पर्ने अवस्था आएका छन् । राजनीतिक अस्थिरताका साथै विकास र रोजगारीका सम्भावनाहरु समेत न्यून हुँदै गएको वर्तमान अवस्थाप्रति कुनै पनि दल, नागरिक समाज र वर्गिय रुपमा पनि चिन्ता र चासो देखिएको छैन । गृहमन्त्री जस्ता जिम्मेवार पदमा स्थापित केही ठूला दलका नेता, योजना निर्माण र नीतिका क्षेत्रमा दख्खल राख्ने निकाय कसैको पनि देश र जनताप्रति जुन रुपमा ध्यान जानुपर्ने हो, त्यो नगएका कारण पनि मुलुकका हरेक अवयवहरु खुकुल्ला हुँदै गएका छन् । यो अत्यन्त दुखको कुरा हो ।

जनता गरिबीको रेखाबाट बाहिर आउन सकेका छैन । मुलुकले सही बाटो नसमातेका कारण जनताका भावना र मर्महरु पनि विचलित अवस्थाबाट अगाडि बढिरहेका छन् । आर्थिक प्रगति अछुवा गतिबाट अगाडि बढी रहेका कारण देशले आर्थिक प्रगतिका सूचकहरु घट्ने खतराको शिकार हुनु परेको छ । मुलुकमा राजनीतिक अस्थिरताका कारण वैदेशिक लगानी कमजोर र असुरक्षित हुँदै गएको कुरालाई राज्य सञ्चालन गर्ने निकायहरुले सोच्न सकेको देखिदैन ।

यो बर्षको नीति र कार्यक्रमले गाँजाको व्यवसायिकता, स्थानीय मदिराको ब्राण्डिंग, केही युवाहरुलाई स्वरोजगार बनाउने नीतिलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्नेतर्फ अगाडि बढ्ने आशा पलाएका छन् । स्थानीय उत्पादत्व र बजारीकरणमा देखिएका समस्याहरुको सही रुपमा पहिचान गरेर अगाडि बढ्न नसक्दासम्म मुलुकले विकासको गति लिन सक्दैन र दीगो विकासको परिकल्पना गर्न सकिदैन । त्यसकारण पनि हामी र हाम्रा सन्ततिका लागि नयाँ नेपाल हस्तान्तरण गर्ने हो भने आर्थिक विकासका हरेक लक्ष्यहरुलाई परिणाम प्राप्तिका आधारहरु पहिल्याउनु नै आजको आवश्यकता हो । यदि यसो गर्न सकिएन भने देश सम्वृद्धिको बाटोमा जान सक्दैन भन्ने कुरा हामी सबैमा चेतना भया । त्यसका लागि सबैले लोकतन्त्रको संस्थागत विकास र असल राजनीतिक चरित्र देखाउनु आजको आवश्यकता हो ।

## Opinion @ Social Network

धिन सबैको नहोला तर निधन सबैको हुन्छ,
त्यसैले बाचुन्जेल म नस्तो कोही छैन भनेर घमन्ड नगरेको बेस ।
*(मनिषा आलेको फेसबुकबाट https://www.facebook.com.Manisha.ale)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपालमा गहिरिंदो आर्थिक संकट



शंकरप्रसाद रिजाल

*नेपालमा भित्रिएको अमेरिकन एमसीसीको परियोजना यसको ज्वलन्त उदाहरण हो । जसले पर्दाको सट्टा राष्ट्रको संविधानलाई नै कुल्चिइ पहिले नेपालले खर्च गर्नुपर्ने १३ अरब डलर खर्च गर्न लगाई पछि अमेरिकाको सहयोग रकम प्रयोग गर्ने जस्तो नीतिले देश आर्थिक रुपले पछि कहाँ पुग्ने हो यो आजका नेपालका अर्थविदले बुझ्नु पर्ने हो । अर्को फेरि चीनको एक्जिमा बैंकबाट ऋण सहयोग स्वरुप प्राप्त भएको रकमबाट निर्मित पोखरा अन्तर्राष्ट्रिय बिमान स्थललाई चीनले बीआरआई अन्तर्गत गाभेर सो अनुसार ऋण सहयोग प्रदान गरेको भन्दा पछि बिमानस्थलबाट लागतसमेत नउठी ऋण चुक्ता गर्नु पर्दा सरकारको हालत के होला ? तर यो चीनको प्रस्तावलाई नेपाल सरकारले ठाडो इन्कार गरेको छ । अहिले नै हामीलाई यो बिमानस्थल 'सेतो हात्ती ' पालेको सरह हुने देखिएको छ ।*

करिव दश वर्ष अगाडिदेखि नेपालको समर्ग आर्थिक अवस्था निरीह अवस्थाबाट गुज्रिरहेको छ । सरकारले केही अगाडिमात्रै नयाँ बजेट सार्वजनिक गऱ्यो । त्यो बजेट पनि मुलुकको आर्थिक अवस्था सुधार गर्नेतर्फ केन्द्रित हुन सकेन । विगतै योजनालाई निरन्तरता दिँदै टुक्रे र कनिके योजनालाई बजेटले निरन्तरता दिएको छ । वैदेशिक ऋण घटाउने भन्दा पनि ऋण लिएर बजेट तर्जुमा गर्ने विगतकै क्रमलाई निरन्तरता दिएको बजेटबाट नयाँ केही पनि अपेक्षा गर्न सकिने अवस्था छैन । कोरोना कालपछि विश्वभर आर्थिक मन्दी छाएको थियो । विश्वका धेरैपय मुलुकले त्यो संकटको सामना गर्दै आफूलाई आर्थिक रुपमा पूर्ण सवल र सक्षम बनाइ सकेका छन् । तर हाम्रो मुलुकमा भने राजनीतिक अस्थिरता र तीन तहको सरकारको नाममा बजेटको अधिकांश हिस्सा तलव भत्तामा नै बाँड्नु पर्ने अवस्था छ । करिव ११ खर्ब रुपैयाँ त तलव र भत्तामा नै जान्छ । विकासका योजना अगाडि बढ्न सकेको छैन भने भएको बजेट पनि खर्च हुन नसक्ने अवस्था छैन । केही दिन अगाडि महालेखा परीक्षकले सार्वजनिक गरेको वार्षिक प्रतिवेदन अनुसार बेरुजु झन झन् विकराल रुपमा बढ्दै गएको छ ।

प्रधानमन्त्री पुष्पकमल दाहालले आर्थिक समाजिक सुशासन आर्थिक सुधारका लागि आफ्नो नेतृत्वको सरकारले धेरै काम गरेको बताइरहे पनि व्यवहारमा त्यो पुष्टि हुन सकेको छैन । सरकारले जुन किसिमबाट राजश्व संकलन गरिरहेको छ, त्यसबाट प्राप्त रकमले सरकारकै दैनिक खर्चसमेत धान्न सकिने अवस्था छैन । मुलुकको खस्किँदै गएको अर्थतन्त्रलाई पुनरुत्थान गर्न सरकारले जुनसकै शर्तलाई स्वीकार गरी वैदेशिक ऋणको भारी बोकिरहेको छ । कति रकम वैदेशिक ऋण लिएर देशको विकास निर्माणमा लागेको छ भन्ने विषयको कुनै लेखाजोखा देखिँदैन । ऋणमाथि ऋण थोपरिँदै जाँदा प्रत्येक नेपालीहरुको टाउकोमा करिब ८० हजारको बोझ थपिइसकेको छ। जसले गर्दा देशमा मुद्रा स्फीति जघन्य रुपमा अक्कासिएर सर्बसाधारण जनता साधारण जीवन निर्वाह गर्नसमेत नसक्ने अवस्थामा पुगेका छन् । एक तथ्यांक अनुसार वार्षिक करिव ८ प्रतिशत मुद्रा स्फीति रहेको छ । यस्तो स्थितिमा पनि सरकार मुद्रा स्फिति नियन्त्रण गर्न असक्षम रहेको देखिन्छ । देशमा आफ्नै उद्योग कल कारखाना नभएकोले हरेक वस्ता बिदेशबाट आयात गर्नु पर्ने बाध्यता छ । अन्तर्राष्ट्रिय बजारमा दिनानुदिनको हरेक वस्तुहरुको मूल्य बृद्धि भइरहेकोबाट नेपाल अत्यन्त मारमा परिरहेको र देशलाई चाहिने मूल चीज तेल, मट्टीतेल, पेट्रोल, रासायनिक मलखाद, लताकपडा र खाध्यवस्तुको चर्को आयातले देश आर्थिक रुपले नराम्रो आक्रान्त बनेको छ । यता देशको जमीनको मूल्य अक्कासिनु, शेयर बजारमा गीरावट आउनु एउटा संकेत हो भने कृषि, उद्योग र अरु सेवाका वस्तुको उत्पादनमा ह्रास आउनु अर्को मुख्य कारणहरु हुन् । यसैमा फेरि नेपालको ३ करोड जनसंख्यामा करिब दश वर्षदेखि प्रत्येक दिन रोजगारीका लागि करिव १५ हजार युवा युवती बिदेसिनु अर्को घनघोर आर्थिक संकट ल्याउने प्रमुख कारक मान्न सकिन्छ । देशमा खाइलाग्दो रोजगारीको सृजना नहुनु र भएका सम्पूर्ण उद्योग कल काराखाना पनि कौडीको मूल्यमा बेचिनुले पनि यसरी युवा बिदेसिएको देखिन्छ । स्पष्ट तथ्यांक नभेटिए पनि करिब ८० लाख नेपाली बिदेसिएको बुझिन्छ जसमा करिब ७५ प्रतिशत नेपाली त अदक्ष तहकै देखिन्छ। नेपाल नै त्यस्तो देश छ जो ठूलो संख्यामा युवा युबती बिदेश गइ काम गर्ने गर्दछन् । यही कामदारबाट नेपालमा करीब ८ अरब डलर रेमिटेन्स बापत रकम भित्रिने पनि देखिन्छ जुन नेपालको कुल ग्राहस्थ उत्पादन 'जीडीपी' को ४ खण्डको एक खण्ड देखिन आउँछ। तर यसरी आउने रकम बिशेष गरेर देसको शिक्षा, स्वास्थ्य र पर्यटनमा नै खर्च हुने गरेको देखिन्छ । र, निर्माणमा भने खाल्टो खन्ने र पुर्ने काममै लगानी भैरहेको देखिन्छ । उत्पादनशील क्षेत्रमा कहीं कतै लगानी भएको देखिँदैन । यसै क्रमताले गर्दा होला नेपालले हालैका समयमा बिशाल आर्थिक तरलताको सामना गर्नु पर्यो । यही आर्थिक तरलतालाई ठाउँमा ल्याउन सारा बैंकले बचत कर्तालाई १२ प्रतिशतसम्म ब्याज ओकल्न र ऋणिलाई झन्डै १४/१५ प्रतिशतसम्म ब्याज असुल्ने काम गर्न बाध्य हुनु पर्यो । तर जे गरेपनि आर्थिक संकटले डस्न भने छोडेन जसले गर्दा सारा निर्माणका काममा ह्रास आउनु र उत्पादनको मागमा कमी आउनु र उत्पादनमा कम गर्नु पर्ने बाध्यता रह्यो । यी सबै कारणले कुल ग्राहस्थ उत्पादनको ह्रासमा वृद्धि भइ सन् २०२२ मा ४२ प्रतिशतमा गएको र पुँजी निर्माणमा कुनै खास वृद्धि नभएको देखिन्छ । त्यस्तै फेरि बिदेसी मुद्राको संचय हेर्दा करीब ९ अरब डलर देखिन्छ । जुन सम्पूर्ण चिजहरु आयातको लागि करीब ६-७ महिनाभन्दा बढी धान्न नसकिने देखिएको छ । यो आर्थिक दृश्य हेर्दा नेपालले तुरुन्त विलासिताका सामान सुन, मोटर गाडी, शृंगारका सामानहरु र चुरोट पान गुट्खा र रक्सी आयातमा बन्द गरिनु पर्छ, जसले गर्दा ठूलो बिदेसी मुद्रा बिदेसिन नपरोस्। निर्यातकै कुरा गर्ने हो भने सन् १९९९ मा ५०प्रतिशत थियो भने हाल सन् २०१९ मा आएर खाली ८ प्रतिशतमा सीमित रहेको देखिन्छ । नेपालको यो आर्थिक बिचलनको अवस्था निगरानी गर्न एसिया प्यासिफिक क्षेत्रको समूहगत निगरानी टोली नेपालमा अबलोकन गर्न पनि आए । यो भन्दा अगाडि सन् २०१२ मा पनि त्यसैगरी आएका थिए । यो समूहको कार्यटोलीले नेपाललाई झन्डै आर्थिक कालो सूचीमा अंकित गर्न लागिसकेको थियो । तर जसो तसो कुटनैतिक तरिकाले यसको संवेदनशील तरिकाले संरक्षण गरियो ।

देशमा मुख्यत: उद्योग कल कारखाना बनाउनु, कृषि र कृषि जन्य उत्पादन बढाउनु, गाउँ गाउँमा पर्यटकीय स्थल निर्माण गर्नुको सट्टा सीमित र सम्भ्रान्त व्यक्तिले मात्र अबलोकन गर्ने अनगिन्ती भ्यू टावर निर्माण गर्नु अर्थतन्त्रको अबस्थाले आफैंमा एउटा हास्यास्पद काम देखिएको छ । सर्बसाधारण हितको लागि लगानी खोइ ? रोजगारको अबसरता खोइ ? बजार व्यवस्थापनको नीति खोइ ? निर्यात गर्ने उत्पादनका सामान खोइ ? बैदेशिक ऋण चुक्ता गर्ने नीति र निर्णय । यस्ता कुरामा ध्यान नदिई सरकार उल्टो फेरि अरबौं रुपैयाँ सभा, सम्मेलन, भ्रमण, नेता बिरामी भए भने बिदेश गई करोडौं रुपैयाँ राष्ट्रको ढुकुटी स्वाहा गर्ने जस्ता अनुत्पादक कुरामा राज्यको ढुकुटी दोहन गरी खाली नेता र कार्यकर्तामात्र मोटाउने काम गरिरहने र नपुगे बैदेशिक ऋण र सहयोगको सधैं भिख मागिरहने र देशले थेग्नै नसकिने प्रदेशमा नयाँ नयाँ संरचना निर्माण गरिरहने र देशमा एउटा संघीय सरकार र बाँकी स्थानीय सरकार नराखी सातवटा राज्यहरु स्थापना गर्ने जस्ता बेमतलब, अर्थहीन र अनुत्पादक चिजमा सरकारको फजुल खर्च भइ रहेको र स्वदेसी कुनै पनि उत्पादनमा जोड र बल नदिइने र नेता आलेशान महलमा रही ऐश आरामको जीवन बिताउने प्रबृत्ति निरन्तर बढ्दै जाने हो भने देशमा आर्थिक संकटमात्र नआइ अनेक कुराहरुको संकट आउने निश्चित छ । अर्को विश्वको भूराजनैतिक अवस्था खल्बलिएकोले यसको प्रभावले विश्वको अर्थनीति पनि खल्बलिइरहेको छ । यसमा धनी राष्ट्रहरुले कुनै पनि ऋण र सहयोग प्रदान गर्दा अनेकन ब्यबधान अगाडि सारेर मात्र दिने परिपाटी बढ्दै गएको छ । नेपालमा भित्रिएको अमेरिकन एमसीसीको परियोजना यसको ज्वलन्त उदाहरण हो। जसले पर्दाको सट्टा राष्ट्रको संविधानलाई नै कुल्चिइ पहिले नेपालले खर्च गर्नुपर्ने १३ अरब डलर खर्च गर्न लगाई पछि अमेरिकाको सहयोग रकम प्रयोग गर्ने जस्तो नीतिले देश आर्थिक रुपले पछि कहाँ पुग्ने हो यो आजका नेपालका अर्थविदले बुझ्नु पर्ने हो । अर्को फेरि चीनको एक्जिमा बैंकबाट ऋण सहयोग स्वरूप प्राप्त भएको रकमबाट निर्मित पोखरा अन्तर्राष्ट्रिय बिमान स्थललाई चीनले बीआरआई अन्तर्गत गाभेर सो अनुसार ऋण सहयोग प्रदान गरेको भन्दा पछि बिमानस्थलबाट लागतसमेत नउठी ऋण चुक्ता गर्नु पर्दा सरकारको हालत के होला ? तर यो चीनको प्रस्तावलाई नेपाल सरकारले ठाडो इन्कार गरेको छ। अहिले नै हामीलाई यो बिमानस्थल 'सेतो हात्ती ' पालेको सरह हुने देखिएको छ। यसरी ऋण लिइ निर्मित कुराको चालु नभई आखिर ऋण तिर्नु परेमा अझ यसले देशको आर्थिक अबस्थाको हालत कस्तो हुने होला र त्यसले अझ कति ऋण बोकाउने हो, यो अत्यन्त गम्भीर प्रश्न बनेको छ । यी सबै आर्थिक दृश्य र परिदृश्यको विश्लेषण र बिबेचना गर्दा नेपालको हालको कुनैपनि क्षेत्रमा खासै कुनैपनि सन्तोषप्रद उपलब्धी देखिँदैन र सो परिपूर्ति गर्न अझ कति ऋण, ऋण, ऋण लिनु पर्ने हो र कति ऋणको बोझ बोकी राष्ट्र र जनता यही ऋणले थिची बस्नु पर्ने हो ।

यो आज सत्ताको जिम्म्मेवार पदमा बसेका सत्ताधारीले बेलैमा सोची ऋण लिँदा नै ऋण कसरी तिर्ने हो त्यो बारेमा पनि बिचार गरी ऋण लिने काम गरियोस् । अन्यथा देश छिट्टै भविष्यमा ठूलो आर्थिक संकटमा परी कहिँ श्रीलंका जस्तो त बन्ने होइन । ***-डिसी नेपाल डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : शुभ समाचार सुन्न पाइएला । वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । | **तुला** : अचल सम्पत्ति हात पर्ने योग छ । आत्मविश्वास र पराक्रममा वृद्धि हुनेछ । |
| **वृष** : आफन्त सँग भेट घाट हुनेछ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ। | **वृश्चिक** : सरकारी निकायको भय र हला । अविश्वास उत्पन्न हुनेछ । |
| **मिथुन** : पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । आकस्मिक धन लाभ हुनेछ । | **धनु** : दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । यात्रा सफल हुनेछ । |
| **कर्कट** : बन्न लागेको काम बिग्रनसक्छ। बाधाका साथै मन कमजोर रहला । | **मकर** : अरुलाई प्रभावित पारेर काम बन्नेछ । मनोरञ्जनमा सहभागी भइएला। |
| **सिंह** : रोकिएको धन हात पर्ला । समाजसेवा जस्ता कार्यमा मन लाग्नेछ । | **कुम्भ** : प्रेमीको सहयोग प्राप्त हुनेछ । इनाम र प्रतिष्ठा कमाउने वेला छ । |
| **कन्या** : नयाँ कार्यको थालनी हुनेछ। लगनशीलताले कामहरू अगाडि बढ्नेछन्। | **मीन** : सुखदु:ख बराबरी खालको दिन छ । सामान चोरी हुने भय पनि छ । |

## कृषि

# किसानलाई अनुदानमा ट्र्याक्टर वितरण



कास्की जिल्लाको मादी गाउँपालिका-१२ का किसानलाई हाते ट्र्याक्टर र जाली वितरण गरिएको छ । मकैबालीको क्षेत्रफल विस्तार तथा उत्पादन प्रवर्द्धन कार्यक्रमअन्तर्गत कृषि उपकरण तथा मेसिनरी वितरण गरिएको हो । हिमालय बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड लिपेवायनीद्वारा आयोजित एक कार्यक्रमका बीच कृषि ज्ञान केन्द्र कास्कीले ५० प्रतिशत अनुदानमा सो वडाका सातजना किसानलाई बिहीबार ट्र्याक्टर वितरण गरिएको हो ।

एउटा ट्र्याक्टरको मूल्य रु ५६ हजार परेको जसमा किसानले रु २८ हजार र बाँकी ज्ञान केन्द्रको अनुदान रहेको हिमालय बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष कृष्णचन्द्र बरालले जानकारी दिनुभयो । सहकारीमार्फत अघिल्लो वर्ष भगवतीटार, ओझागाउँ र लिपेयानीका किसानलाई पाँचवटा ट्र्याक्टर वितरण गरिएको थियो । 'सहकारीले उत्पादन जोड दिँदै आएको छ', अध्यक्ष बरालले भने । खाद्य उत्पादन, मौसमी तथा बेमौसमी तरकारीखेती पशुपालनमा किसानलाई प्रेरित गर्दै आएको छ । कतिपय किसानले व्यावसायिक कृषिलाई आफ्नो जीविकोपार्जनको आधार बनाउँदै आएका छन् । कार्यक्रममा असिना, हुरीबतास जस्ता प्राकृतिक प्रकोपबाट तरकारी र फलफूल जोगाउनका लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट उपलब्ध गराइएको तीन थान एक सय ५० मिटर जाली पनि वितरण गरिएको थियो । जालीमा ५० प्रतिशत अनुदानको व्यवस्था गरिएको छ ।

*-रातोपाटी डटकम*

# सामूहिक कृषिमा महिलाको आकर्षण बढ्दो



पोखरा महानगरपालिका-१६ अर्मलाका महिलाहरू सामूहिक कृषितर्फ आकर्षित भएका छन् । प्रगति कृषि समूह गठन गरी जग्गा भाडामा लिएर महिलाहरू सामूहिक कृषिखेतीमा लागेका हुन । समूहकी अध्यक्ष चिनमाया सुवेदी श्रेष्ठले दुई रोपनी जग्गामा मौसमअनुसार आलु, मुला, केराउ, काँक्रोलगायतका नगदेबाली गर्दै आएका र वर्षाको समयमा सोही जग्गामा परीक्षणकारूपमा विभिन्न छ जातका धान रोप्ने तयारी भइरहेको बताइन । 'स्यालघारी फाँटको जग्गामा यतिखेर लटरम्म काँक्रा फलेका छन् । फागुन महिनामा लगाएका भक्तपुरे जातको काँक्राका एक सय ३२ वटा बिरुवाले उत्पादन दिन सुरू गरेका छन् । वैशाखको अन्तिम सातादेखि उत्पादन सुरू भएको काँक्रा बिक्रीबाट रु १५ हजारभन्दा बढी आम्दानी गर्न सफल भएका छाै', अध्यक्ष सुवेदीले भनिन् । हाल प्रतिकेजी ८० मा बारीबाटै काँक्रा बिक्री हुने गरेको छ । उनले समूहमा आवद्ध महिलाहरूले नै बारीबाट काँक्रा खरिद गरेर बजारमा बिक्री गरी राम्रो आम्दानी गरिरहेका बताइन । 'उत्पादन भएका काँक्रा बिक्री हुँदैन की भनेर चिन्ता गर्नुपर्दैन समूहकै महिलाले प्रतिकेजी ८० का दरले बारीबाटै खरिद गरेर लानुहुन्छ' अध्यक्ष श्रेष्ठले भनिन्,'सोही काँक्रो स्थानीय बजारमा बिक्री गरेर जीविकोपार्जनको आधार बनिरहेको छ ।' विसं २०७४ मा कारितास नेपालको सहयोगमा स्थापना भएको किसान समूहमा हाल बीस जना सदस्य आवद्ध छन् । समूहकी सचिव सोनिया सुनारले प्रत्येक शनिबार घरको सबै काम पन्छ्याएर बारिको माटोमा पसिना चुहाउँदा राम्रो आम्दानी हुने गरेको बताइन । 'संस्थामा आवद्ध सदस्य हप्ताको एक दिन बारिमा जम्मा हुन्छौं, आवश्यक मल पनि घरबाटै बोकेर लैजाने गरेका छौँ' उनले भनिन्,'कुनै पनि विषादि प्रयोग गरेका छैनौँ उत्पादित अर्गानिक काँक्रो बजारमा पठाउँन पाउँदा खुसी लागेको छ । यसले बेरोजगार भएर घरमै बस्दै आएका महिला हाल तरकारी उब्जायर आफूलाई आवश्यक पैसासमेत कमाउन थालेका छौँ ।' सचिव सुनारका अनुसार ३० देखि ६० वर्ष उमेर समूहका महिला सङ्गठित भएर कृषि गर्दै आएका छन् । उनीहरूलाई बेलाबेला अघिल्लो वर्ष पोखरा महानगरले रु १० हजार आर्थिक सहयोगसमेत गरेको थियो । 'आधुनिक कृषिऔजार, मल, बीउलगायत अत्यावश्यक सुविधा पाउने हो भने खेती विस्तार गर्दै जाने सोचमा छौँ । त्यसले हाम्रो आम्दाी वृद्धिमा पनि सहयोग पुग्थ्यो । हाल वार्षिक तीनदेखि चार लाखसम्म आम्दानी गर्दै आएको छौँ ।' सामूहिक कृषिखेती सुरू भएपछि एकतिर समूहमा आवद्ध महिलाले घरमा मौसम अनुसारका तरकारी लिन पाएका छन्, अर्कोतिर सामूहिक खेती सिकाइको पाठशालासँगै आयआर्जनको माध्यम पनि बन्दै गएको छ । कोषाध्यक्ष चन्द्रा भट्टराईले समूहमा जम्मा भएको रकम आयआर्जनका लागि आवद्ध सदस्यलाई एक प्रतिशत व्याजमा लगानी गर्ने गरिएको जानकारी दिइन । उनका अनुसार समूहको कोषमा अहिले रु एक लाख ५० हजार रहेको छ भने एक वर्षअघि सङ्कलित रकमबाट प्रत्येक सदस्यलाई पाँच हजारका दरले वितरण गरिएको थियो । समूहले अध्ययन अवलोकन भ्रमण तथा रमाइलो वनभोजसमेत आयोजना गर्ने गरेको छ ।

**रैथाने जातको धान संरक्षणमा समूह**

सो समूह रैथाने जातको धान संरक्षण अभियानमा पनि जुटेको छ । काँक्रा लगाएको जग्गामा धानका जेठाबुढो, अनदी, कालो झिनुवा, वयर्नी, पहेँलेलगायतका जात रोप्ने तयारी भएको जनाइएको छ । त्यसका लागि पोखरा महानगरपालिकाले उपलब्ध गराएको बीउ रादिएको छ । समूहका प्रत्येक सदस्यले डोकोमा मल र हातमा खन्ने औजार लिएर बारिमा धानको बीउ राखेका र अब परीक्षणका रूपमा पहिलो पटक धान रोपाइ गर्ने तयारी भइरहेको अध्यक्ष सुवेदीले जानकारी दिइन। पोखरा महानगर कृषि महाशाखा प्रमुख मनोहर कडरियाले नेपाल सरकारले सूचीकृत गरेका खान नरम र स्वादिष्ट धानको जात संरक्षण गर्ने उद्देश्यका साथ विभिन्न पाँचवटा कृषि सेवा केन्द्रमार्फत परीक्षणका लागि नि:शुल्क बीउ प्रदान गरिएको जानकारी दिइन । छोटो समयमा बढी उत्पादन हुने हाइब्रिड धानमा किसानको आकर्षण बढेपछि स्थानीय जातका धान लोप हुने अवस्थामा पुगेकाले स्थानीय जातको संरक्षणका लागि किसानलाई बीउ वितरण गरिएको उनले बताइन । *-रासस*

# मकैमा फौजी किरा र फलफूलमा औंसाको प्रकोप




लामो समयको खडेरी र त्यसपछि परेको लगातारको वर्षाका कारण म्याग्दीमा लगाइएको मकै खेती र फलफूलमा रोग तथा किराको प्रकोप देखिएको छ । खडेरीका कारण यस वर्ष गहुँ उत्पादनमा कमी आएपछि चिन्तित बनेका किसान मकै छर्ने समयमा पनि पानी नपरेका कारण मकै उत्पादन हुने सबै ठाउँमा खेती गर्न सकेका छैनन् । खडेरीमा छरेको मकै पानी परेपछि निकै ढिलो गरी उम्रेका र ती विरुवामा पनि डडुवा रोगको प्रकोप देखिएपछि किसानहरु थप चिन्तित बनेका मालिका ६ का किसान विरबहादुर विश्वकर्माले बताए । मकै बालीमा मात्रै होइन फलफूल र कोसेबालीमा समेतऔंसा र रोगको प्रकोप देखिएको किसानले बताएका छन् । जिल्लाको मालिका, मंगला, रघुगंगा, धवलागिरि र अन्नपूर्ण गाउँपालिकालगाएत बेनी नगरपालिकाका विभिन्न ठाउँहरुमा गरिएको मकै खेतीमा रोगको प्रकोप देखिएको स्थानीय तहका कृषि प्राविधिकहरुले बताएका छन् । जिल्लाको मालिका गाउँपालिकाका किसानले लगाएको फलफूलमा औँसा, केरामा खपटे, गवारो र मकैबालीमा फौजी किराको प्रकोप देखिएको मालिका गाउँपालिका-१ निस्कोटका कृषक तीर्थबहादुर पुनले बताए । त्यसैगरी सुन्तला र केरा खेतीमा पनि प्रकोप देखिएको छ ।

फूल फुलेर बतिला लाग्न थालेका सुन्तला, बारी भरि फलेका काँक्रा, घिरौंला, गोलभेँडालगायतमा औँसा, घोगा लाग्न थालेका मकैमा फौजी किरा र केरा खेतीमा खपटे रोगको प्रकोप देखिएपछि किसान चिन्तित बनेका कृषि प्राविधिकको भनाइ छ । प्राय: फल पाकेर टिप्ने बेलामा देखिने औँसा कीराको सङ्क्रमण बतिलामै देखिएपछि किसान उत्पादन घट्नेमा चिन्तित छन् । किसानले लगाएका काँक्रा र पाक्न लागेका आरु, आरुपखडामा पनि औँसा कीराको व्यापक सङ्क्रमण भेटिएको छ । मकैबालीमा अमेरिकन फौजी किरा र गोलभेँडामा सेतो ढुसीको समस्या देखिएको म्याग्दीका अगुवा कृषक चन्द्रबहादुर कार्कीले जानकारी दिए । कीराको सङ्क्रमणलाई प्रकोपका रुपमा फैलिन नदिन किसानलाई सचेतसमेत गराइएको कृषि प्राविधिकले बताएका छन् । कृषि ज्ञानकेन्द्रले सिफारिस गरेका मकैको जातका आधारमा सोहीअनुसारको उपचार विधि र विषादी किसानलाई उपलब्ध गराइएको ज्ञान केन्द्रले जनाएको छ । यसैगरी गोलभेँडामा लागेको डढुवाको समस्याले व्यावसायिक किसान मर्कामा परेको मंगला गाउँपालिका-५ का किसान विक्रम सेनले बए । म्याग्दीमा किसानले लगाएको मकै बालीमा फौजी किराले क्षति पुऱ्याएको छ । जिल्लाको निस्कोट, रणबाङ, ज्यामरुककोट, बाबियाचौर, अर्मन, रत्नेचौर, रुम, देविस्थानलगायत क्षेत्रका किसानले लगाएको मकै बालीमा फौजी किराको प्रकोप बढेको हो । घोगा हाल्न लागेका मकैका बोटमा फौजी किराको आक्रमण बढी भएकाले बोट नै सकिन थालेको मंगला गाउँपालिका-२ का किसान प्रताप सापकोटाले बताए । उनका अनुसार विषादीले समेत फौजी किराको आक्रमण रोकिन सकेको छैन । बगरफाँट, खबरा, भकिम्ली, बाबियाचौरलगायतका स्थानका किसानले लगाएका सयौं रोपनीको मकै बालीमा फौजी किराको प्रकोप बढेको कृषि प्राविधिकले बताएका छन् । मङ्गला गाउँपालिकाका कृषि प्राविधिक जगत बानियाँले रोग र किराको प्रकोपबाट यस क्षेत्रका किसानले हैरानी व्यहोर्नुपरेको बताए । फौजी किराको प्रकोप नियन्त्रण गर्न किसानलाई प्राविधिक सेवा र विषादी नि:शुल्क उपलब्ध गराइँदै आएको उनले बताए । यहाँका किसानले परम्परागत रुपमा लगाउँदै आएको मकै बालीमा फौजी किराको आक्रमण बढी छ । जिल्लाको ज्यामरुककोट क्षेत्रमा भने मकैका बोट उम्रन थालेदेखि नै फौजी किराको आक्रमण बढेको र बोट जोगाउनै मुस्किल परेको किसानको भनाइ छ । प्राय: सुक्खा मौसममा देखिने फैजी किरा पछिल्लो समय वर्षा भइरहँदा पनिफौजी किराको आक्रमण बढेको कृषि प्राविधिक बताउँछन् । फौजी किराले मकैको पातमा लाम्चा आकारका झिल्लीमात्र छाडेर मकैको पातलाई कोतरेर खानाका साथै मकैको घोगा, पात, जुँगा र गुभोमा पनि क्षति पुऱ्याउने कृषि प्राविधिक बताउँछन् यसैगरी म्याग्दीमा गरिएको व्यावसायिक केरा र आलु खेतीमा रोगको प्रकोप देखिएपछि किसान चिन्तित बनेका छन् । केरामा खपटे घुन र गवाँरो रोगको प्रकोपका कारण बोट र पात सुक्ने, कोसा पोटिलो नहुने रोग देखिएको छ भने आलुमा डढुवा रोगका कारण बोट सुक्न थालेका छन् । जिल्लाको बेनी नगरपालिका-२ बगरफाँट, खबराका साथै मङ्गला र रघुगङ्गा गाउँपालिकाका विभिन्न क्षेत्रमा गरिएको व्यावसायिक केरा खेतीमा रोगको प्रकोप देखिएपछि किसान चिन्तित भएका छन् । त्यसैगरी डढुवा रोगका कारण आलुका बोट सुक्न थालेपछि किसानले औषधि प्रयोग गर्न थालेका छन् । कतिपय ठाउँमा औषधि प्रयोग गरे पनि रोगको प्रकोप कम नभएको बरु रातो कमिलासमेत देखिन थालेको बगरफाँटका कृषक खीमबहादुर कार्कीले बताए ।

*-इहिमालय टाइम्स डटकम*

# मकै बेचेर जीविकोपार्जन



दाङ घोराही उपमहानगरपालिका-१८ रझेनाका ६० वर्षीया पार्वती घर्तीले मकै बेचेर जीविकोपार्जन गर्दै आएकी छन् । जेठको चर्को घाममा पनि उनी छन् । उनले विगत ३५ वर्षदेखि यसरी नै आफ्नो दैनिकी सञ्चालन गर्दै आएकी हुन ।

हरेक वर्ष मकैको सिजन सुरु भएसँगै उनिलाई पोलेर बेच्न भ्याइनभ्याइ हुन्छ । घर्तीले मौसमी मकैभन्दा बेमौसमी बढी बिक्ने भएकाले गर्मीमा पनि असिनपसिन भएर मकै पोल्दै आएको बताइन । 'प्रतिगोटा २५ ले बेच्दा रु १० फाइदा हुन्छ । खर्च कटाएर दैनिक रु चार/पाँच सयसम्म आम्दानी भइरहेको छ', उनले भनिन्। यही कामबाट भएको आम्दानीले आफूसहित पाँच जनाको जीविकोपार्जन भइरहेको उनले जानकारी दिइन । घर्तीले भनिन्, 'उमेरअनुसारको अन्य काम, पेसा व्यवसाय गर्न सकिँदैन त्यसकारण यही पेसालाई निरन्तरता दिँदै आएकी छु । मैले पोलेको मकै सबैले असाध्यै मन पराउँने हुँदा खुसी लाग्छ ।' सानै भए पनि स्वरोजगार हुँदा आफूलाई आवश्यक परेमा रु दुई/चार हजारका लागि अरुसँग हात थाप्न नपर्ने उनको अनुभव छ । गर्मीको समयमा केही समस्या भए पनि विगत लामो समयदेखि गर्दै आएको कामप्रति घर्ती सन्तुष्ट छन् । उनी बिहानको समयमा देउखुरीका विभिन्न ठाउँमा हरियो मकै लिन जान्छिन् भने दिउँसो २ बजेपछि घोराही-१५ को कृषिउपज बजार केन्द्रको अगाडितर्फ सडक छेउमा मकै पोलेर बेच्न व्यस्त हुन्छिन्। दैनिक १५ सयदेखि दुई हजारसम्मको कारोबार हुने गरेको उनले बताइन । घर्तीजस्तै घोराही-१८ का मनकुमारी नेपालीको पनि मकै बेचेरै दैनिकी बित्ने गरेको छ । ५८ वर्षीया मनकुमारीले २१ वर्षदेखि मकै पालेर बेच्ने गरेको बताइन । लामो समय भइसकेकाले आफूलाई यो पेसा सहज लाग्ने उनको भनाइ छ । 'उमेर हुँदा पनि अरु जागीर गर्नको लागि पढाइ भएन । अहिले अरु काम गरेर खान पनि नसकिने अवस्था भएकाले मकै पोलेर बेच्ने गरेकी छु । आफूले सक्दासम्म यो कामलाई निरन्तरता दिनेछु', उनले भनिन् 'मकै लिन बिहान देउखुरी जान्छु, दिउँसोको समयमा पोल्ने र बेच्नेमा दिन बित्छ ।' आजभोलि दाङमा अत्यधिक गर्मी बढेकाले केही समस्या भएको नेपालीले बताइन्। आफूले पोलेको मकै सहजरुपमा बिक्री हुँदा खुसी लाग्ने उनको अनुभव छ । दैनिक ६०/६५ गोटा मकै पोलेर बेच्ने गरेको बताउँदै उनले १५ सयदेखि दुई हजारसम्मको कारोबार हुने जानकारी दिए । पार्वती घर्तीले मकै पोल्दै गरेको ठाउँमा भेटिनुभएका घोराही-१५ का डम्मरी रावतले बजारका अन्य खाजा खानुभन्दा स्वास्थ्यलाई पनि फाइदा हुने भन्दै मकै नै खान आग्रह गरे ।

आफू पनि हरेक दिन खाजा खाने समयमा उनले पोल्दै गरेको ठाउँमा आएर मकै खाने गरेको उनले बताइन । यति धेरै गर्मीको समयमा पनि उनीहरुले आफ्नो व्यवसायलाई निरन्तरता दिएको भन्दै आत्मविश्वासका लागि सबै महिलाले स्वरोजगार बन्नुपर्ने उनको भनाइ छ । *-रासस*



## खडेरीले तालपोखरामा पानी सुक्यो

पाल्पाको रामपुर नगरपालिकास्थित पर्यटकीय क्षेत्र तालपोखरामा खडेरीले पानी सुकेपछिको उजाड दृश्य । तालपोखरामा पानी सुकेपछि डुङ्गा सञ्चालन ठप्प छ । **तस्बिर : सुशीला रेग्मी/रासस**

# प्रेस युनियनको साधारण सभा : ६ बुँदे रामपुर घोषणापत्र सार्वजनिक




**पाल्पा,** जेठ १९/नेपाल प्रेस युनियन पाल्पा शाखाको साधारण सभा ६ बुँदे रामपुर घोषणापत्र सार्वजनिक गर्दै सकिएको छ । शनिबार जिल्लाको रामपुरमा भएको युनियनको साधारण सभा ६ बुँदे रामपुर घोषणापत्र सार्वजनिक गर्दै सकिएको हो ।

युनियनका निवर्तमान अध्यक्ष भरत शर्माको संयोजकत्वमा युनियनका उपाध्यक्षहरु रामचन्द्र रायमाझी, दानु हिस्की रहेको घोषणा पत्र निर्माण समितिले ६ बुँदे रामपुर घोषणा पत्र तयार गरी सार्वजनिक गरेको छ । युनियनले घोषणापत्रमा पत्रकारहरुको क्षमता अभिवृद्धिका लागि स्थानीय सरकारसँगको समन्वयमा पत्रकारिता तालिम सञ्चालन गर्न पहल गर्ने, पत्रकारहरुको पेशागत सुरक्षाका लागि नेपाल प्रेस युनियनको साधारण सभाले आवश्यक कार्यक्रम तय गरी कार्यन्वयन गर्ने, कोभिडपछि सञ्चार माध्यममा देखिएको समस्याका कारण कार्यरत पत्रकारहरु सञ्चारमाध्यमबाट विस्थापित भएकाहरुलाई पुर्नवाहली गर्न पहल गर्ने, नेपाल पत्रकार महासंघमा सदस्यता दिलाउन प्रेस युनियनमा आवद्ध पत्रकारहरुलाई पहल गरिने उल्लेख गरेको छ ।

यस्तै रामपुर नगरपालिका-६ मा रहेको पर्यटकीय सम्भावना बोकेको ज्याग्दी वृहद पार्कको प्रचार प्रसार गरी पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न पहल गरिने, स्थानीय सरकारसँग समन्वय गरी रामपुरको विकास र विस्तारमा नगर सरकारले सञ्चालन गरेका हरेक गतिविधिमा सहभागिता जनाई उल्लेखनिय कामको प्रचार प्रसार गरिने समेत घोषणा पत्रमा उल्लेख गरिएको छ ।

खेलकुद समाचार

## एडुक्रोप र टिम दिव्यलाई उपाधि




**काठमाडौँ, जेठ १९/** एडुक्रोप र टिम दिब्यले एस कप प्लस टु थ्री बाइ थ्री बास्केटबल प्रतियोगिताको उपाधि जितेका छन् । एडुक्रोप ब्वाइज तथा दिव्य गर्ल्समा च्याम्पियन बने ।

सिनामंगलस्थित एस इन्टरनेसनल विजनेस स्कुलद्वारा आयोजित प्रतियोगितामा ब्वाइजको रोमाञ्चक फाइनलमा एडुक्रोपले ग्रिनफिल्डलाई २२-२० ले पराजित गऱ्यो । खेल अतिरिक्त समयमा लम्किएको थियो । निर्धारित समयको खेल २०-२० को बराबरीमा सकिएको थियो । अतिरिक्त समयमा पहिले २ स्कोर गर्ने टिम विजयी हुने नियम छ । अतिरिक्त समयमा एडुक्रोपका सन्देश खड्का र काल्साङ शेर्पाले समान १-१ स्कोर गर्दै एडुक्रोपका उपाधि सुनिश्चित गरे । सर्वाधिक स्कोर भने एडुक्रोपकै उर्गेन लामाको नाममा रह्यो । उनले १४ अंक जोडे ।

गर्ल्सको उपाधि भिडन्तमा टिम दिब्यले बलर्स एकेडेमीलाई ८-५ ले हरायो । विजयी टिमका लागि विनामनी योञ्जनले ४ स्कोर गरिन् । ब्वाइज/गर्लस दुवैमा पहिलो हुनेले १५ हजार र दोस्रोले १० हजार नगद पुरस्कार हात पारे ।

फाइनलका सर्वाधिक स्कोरकर्ताद्वय उर्गेन र विनामनी 'मोस्ट भेलुएबल प्लेयर' घोषित भए । दुवैले बुद्ध एयरको माउन्टेनफ्लाइट र झमेल बिट्सको ३ हजार बराबरको कुपन प्राप्त गरे ।

विजेतालाई एसका कार्यकारी निर्देशक डा. आशिष तिवारी र प्रोग्राम म्यानेजर कौशलराज पौडेलले एक कार्यक्रमबिच पुरस्कृत गरे । तीन दिने प्रतियोगिताको ब्वाइजमा ३२ तथा गर्ल्समा १६ टिमको सहभागिता रहेको एसका प्रशासकीय अधिकृत आशिष न्यौपानेले जनाएका छन् ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

## पेट्रोलियम पदार्थको मूल्य घट्यो



**पाल्पा,** जेठ १९/सरकारले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ । नेपाल आयल निगम सञ्चालक समितिको शुक्रबार बसेको बैठकले इन्डियन आयल कर्पोरेसनबाट नयाँ खरिद मूल्य प्राप्त भएअनुसार पेट्रोल लिटरमा ३ रुपैयाँ र डिजेल/मट्टितेलमा १/१ रुपैयाँ घटाएको हो ।

मूल्य घटेसँगै काठमाडौं उपत्यकामा पेट्रोल लिटरको १ सय ६८ र डिजेल/मट्टितेलको १ सय ५३ पर्नेछ । यसअघि पेट्रोलको १ सय ७१ र डिजेल/मट्टितेलको भाउ १ सय ५३ रुपैयाँ थियो । नयाँ मूल्य शुक्रबार राति १२ बजेदेखि लागू भएको छ ।

निगमले विज्ञप्तिमार्फत पेट्रोलियम पदार्थको मूल्य घटाएको जनाएको छ । हवाई इन्धन र एलपी ग्यासको बिक्री मूल्य भने यथावत राखिएको छ ।

सरकारले बजेटमार्फत पेट्रोलियम पदार्थमा प्रतिलिटर १ रुपैयाँ हरित कर जोडेको छ । तर भारतबाट कम मूल्यमा आयात भएका कारण नेपाली बजारमा पनि मूल्य घटेको हो ।

## प्रेसमाथिको ...

...कार्यक्रममा प्रेस युनियनका पूर्व केन्द्रीय वरिष्ठ उपाध्यक्ष दीपक आचार्य, नेपाली काँग्रेसका लुम्बिनी प्रदेश सदस्यहरु कृष्ण अधिकारी, विष्णुमाया थापा, सन्दीप राना, नेपाली काँग्रेसका उपसभापति ज्ञानबहादुर गाहा, युनियन पाल्पाका सल्लाहकार झपेन्द्र गहिरे, नेपाली काँग्रेस पाल्पा क्षेत्र नं १ का क्षेत्रिय सभापति झमनबहादुर राज मगर, नेपाल ट्रेड युनियन काँग्रेस पाल्पाका सभापति निलकण्ठ देवकोटा, काँग्रेस महासमिति सदस्य देवराज ढकाल, काँग्रेस पाल्पा क्षेत्र नं. १ (क) का सभापति रामबहादुर राना, नेपाली काँग्रेसका रामपुर नगर सभापति नेत्र भट्टराई, नेकपा एमाले रामपुरका नगर उपाध्यक्ष अशोक (विशाल) श्रेष्ठ, माओवादी केन्द्रका रामपुर नगर अध्यक्ष यमबहादुर सुनार, प्रेस युनियन चितवनका अध्यक्ष अनिल ढकाल, नेकपा समाजवादीका रामपुर नगर सचिव कमल सेन, नेपाल महिला संघ पाल्पाकी कार्यवाहक सभापति मीना पन्थी, नेविसंघका केन्द्रीय सदस्य जीवन तिवारी, नेपाल प्रेस चौतारी पाल्पाकी उपाध्यक्ष बन्दना पोखरेल, समाजवादी प्रेस संगठनकी प्रतिनिधि रमा अर्याल लगायतले साधारण सभाको सफलताको शुभकामना व्यक्त गरेका थिए । साधारण सभाले कोषाध्यक्ष दीपक भट्टराईको आर्थिक प्रतिवेदन सचिवको सांगठनिक प्रतिवेदन सर्वसम्मत रुपमा अनुमोदन गरेको छ । साधारण सभाको उद्घाटन सत्र युनियनका जिल्ला अध्यक्ष मन गहिरेको अध्यक्षता, उपाध्यक्ष दानु हिस्कीको स्वागत, अर्का उपाध्यक्ष विष्णु खनालको धन्यवाद, सचिव विष्णु घिमिरेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्युनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई